# कोटहीमाई गाउँपालिका

# स्थानीय राजपत्र

खण्डः ९ संख्याः१० मितिः २०८२/१०/२८

## भाग-२

**निजी जग्गाको माटो उत्खनन् तथा ओसारपसार सम्बन्धी कार्यविधि, २०८२ को (प्रथम संशोधन)**

प्रस्तावनाः कोटहीमाई गाउँपालिकाले निजी जग्गाको माटो उत्खनन् तथा ओसारपसार कार्यलाई थप व्यवस्थित, व्यावहारिक र जिम्मेवार बनाउन वाञ्छनीय भएकोले, कार्यपालिकाकोमिति २०८२/१०/२८ गतेको निर्णय अनुसार यो प्रथम संशोधन जारी गरिएको छ।

**१. दफा ४ मा संशोधनः**

मूल कार्यविधिको दफा ४ को खण्ड (क) र (च) मा देहाय बमोजिम संशोधन गरिएको छः

- दफा ४ (क): "निजी जग्गाको माटो उत्खनन् तथा ओसारपसार गर्न चाहने व्यक्ति वा संस्था वा व्यवसायीले आवश्यक कागजात सहित सम्बन्धित वडा कार्यालयमा निवेदन पेश गर्नु पर्नेछ।" माटो बिक्री प्रयोजनको हकमा माटो खरिदकर्ता वा व्यवसायी नै पूर्ण रूपमा जवाफदेही हुनुपर्नेछ। गाउँपालिकाले माटो खरिदकर्तासँग सम्झौता गरी आवश्यक राजस्व तथा धरौटी रकम सम्बन्धित माटो खरिदकर्ताबाट लिई अन्य कागजातको आधारमा अनुमति पत्र प्रदान गर्नेछ।

- दफा ४ (च): "आफ्नै जग्गाको माटो आफ्नै अर्को जग्गामा व्यक्तिगत कामको लागि उत्खनन् गर्नुपर्दा प्राविधिकको नापजाँच र सिफारिसका आधारमा सम्बन्धित वडा अध्यक्षले अनुमति प्रदान गर्न सक्नेछ।" यस्तो कार्यको निरन्तर अनुगमन गर्ने कर्तव्य सम्बन्धित वडा अध्यक्षको हुनेछ।

**२. दफा ५ मा संशोधनः**

मूल कार्यविधिको दफा ५ मा निवेदन साथ पेश गर्नुपर्ने कागजातहरूमा देहायको खण्ड थप गरिएको छः

- (च) माटो खरिदकर्ता (व्यवसायी) र जग्गाधनी बीच माटो बिक्री प्रयोजनको लागि भएको सहमति पत्र।

**३. दफा ६ र ११ मा दूरी सम्बन्धी संशोधनः**

वातावरणीय प्रभाव र व्यावहारिक पक्षलाई ध्यान दिई दूरीको मापदण्ड संशोधन गरिएको छः

- दफा ६ (क) र दफा ११ (क): बस्ती, बाटो, स्कूल, मन्दिर, पोखरी, ताल र नदी क्षेत्रको १५० मिटरको सट्टा १०० मिटर वरपर मात्र माटो उत्खनन् निषेध गरिएको छ। सो क्षेत्रभित्र उत्खनन् गर्नुपरेमा अनुगमन समितिको विशेष सिफारिस अनिवार्य रहनेछ।

**४. दफा ७ मा अनुगमन समिति पुनर्गठनः**

मूल कार्यविधिको दफा ७ मा रहेको अनुगमन समितिमा देहाय बमोजिम सदस्य थप गरिएको छः

- प्रमुख प्रशासकीय अधिकृत - सदस्य

**५. दफा १६ मा दण्ड जरिवाना सम्बन्धी संशोधनः**

मूल कार्यविधिको दफा १६ मा खण्ड (ख) थप गरी जरिवानाको व्यवस्था कडा पारिएको छः

- दफा १६ (ख): "उत्खनन् अनुमति पत्रमा उल्लेख भएको परिमाण भन्दा बढी माटो उत्खनन् गरेको पाइएमा, उक्त बढी उत्खनन् भएको परिमाणको १५० प्रतिशत बराबरको जरिवाना असुल उपर गरिनेछ।"

आज्ञाले
अजय मिश्र
प्रमुख प्रशासकीय अधिकृत